**प्र.मं.प.बै.सं. १३/२०७६**

**२०७६ साल भाद्र १६ गते सोमवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य ब्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** मुख्य न्यायाधिवक्ताको काम,कर्तव्य,अधिकार र सेवाका अन्य शर्त सम्बन्धी ऐन,२०७५ को अनुसूचीमा हेरफेर गरी पारिश्रमिक बृद्धि गर्न स्वीकृती प्रदान गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** प्रदेश नं ५, प्रदेश निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बन्ने विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृती प्रदान गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** प्रदेश लोकसेवा आयोगका अध्यक्षको पारिश्रमिक,सेवाका शर्त र सुविधा निर्धारण गरी सो सम्बन्धी सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्न स्वीकृती प्रदान गर्ने।

४. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः-** गौमुखी गाँउपालिका, प्युठानको केन्द्र परिवर्तन सम्बन्धी सम्बन्धित गाँउपालिकाबाट प्राप्त प्रस्ताव नेपाल सरकार समक्ष पठाउन स्वीकृती प्रदान गर्ने।

५. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** प्रदेश नं. ५ प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ संशोधन गर्न बनेको विधेयक स्वीकृत गरि प्रदेश सभामा पेश गर्न स्वीकृती दिने।

६. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः-** पदक सिफारिस समितिका सदस्यहरु मनोनित गर्ने।

७. **सामाजिक विकास मन्त्रालयः-** प्रदेश नं. ५ भित्रका जिल्लास्थित ११ वटा अस्पतालहरुको गठन आदेश स्वीकृती गर्ने।

८. प्रदेश नं. ५ को मुख्यमन्त्री तथा मन्त्रिपरिपद्को कार्यालयमा सरुवा भई आउनु भएका का.मु. प्रमुख सचिव श्री तोयनारायण ज्ञवालीलाई स्वागत गर्ने।